नेपाल सरकार
शिक्षा मन्त्रालय

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुर

फोन नं. ०१-६६३१७३९
०१-६६३१८१९
०१-६६३००७०
फ्याक्स: ०१-६६३११४६

## एसएलसी परीक्षा २०७० मा समावेश हुनका लागि रजिष्ट्रेसन फाराम भर्ने भराउने सूचना ।

२०६९ सालको शैक्षिक सत्रमा कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूले २०७० सालको एसएलसी परीक्षामा सामेल हुनका लागि रजिष्ट्रेसन फाराम २०६९ माघ ७ गतेदेखि फाल्गुण ८ गतेभित्र भर्न, भराइसक्न फाराम भर्ने विद्यार्थी, फाराम भराउने विद्यालय तथा जिल्ला शिक्षा कार्यालयहरू समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१ विद्यालयहरूमा हाल कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूका लागि

क. हाल कक्षा ९ मा नियमित विद्यार्थीको रूपमा अध्ययनरत विद्यार्थीहरूले शैक्षिक सत्र २०६८ वा सोभन्दा पहिले निम्न माध्यमिक शिक्षा परीक्षा उत्तीर्ण (कक्षा-८) प्रमाणपत्र र जन्मदर्ता प्रमाणपत्र संलग्न गरी पासपोर्ट साइजको फोटो टाँसी **२०६९ फाल्गुण ८** गतेभित्रमा राजश्व शुल्क सहित आफू अध्ययनरत विद्यालयमार्फत फाराम भरी सक्नुपर्नेछ ।

ख. सम्बन्धित विद्यालयहरूले आफ्नो विद्यालयमा नियमित रूपमा अध्ययनरत विद्यार्थीहरूको नामथर, जन्ममिति, परीक्षा दिने विषयहरू ठीकसँग भरे नभरेको रूजू गरी पछिसम्म फरक नपर्ने गरी प्रमाणित गरी **रजिष्ट्रेसन नम्बर विद्यालय आफैले कायम गरी २०६९ फाल्गुण १५** गतेभित्रमा रजिष्ट्रेसन शुल्क बुझाएको बैंक-भौचर वा नगदी रसिद र समष्टिगत फाराम संलग्न गरी जिल्ला शिक्षा कार्यालयमा फाराम बुझाइसक्नु पर्नेछ ।

२. फाराम भर्ने विद्यार्थीहरू २०७० सालमा एसएलसी परीक्षामा सम्मिलित हुँदा शिक्षा नियमावली २०५९ ले तोकेको उमेर पुगेको हुनुपर्नेछ ।

३. **रजिष्ट्रेसन शुल्क प्रति विद्यार्थी रू. १५०।–** तोकिएको छ ।

४. **जिल्ला शिक्षा कार्यालयहरूले** फारामसाथ प्राप्त रजिष्ट्रेसन शुल्क- **२०६९ फाल्गुण २०** गते भित्र बैंक दाखिला गरिसक्नुपर्नेछ ।

५. विलम्ब शुल्क तिरी फाराम भर्ने भराउने व्यवस्था नगरिएको हुँदा उक्त म्यादभित्र फाराम भरी भराइसक्न सम्बन्धित विद्यार्थी र विद्यालयहरूलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

६. यो फाराम एसएलसी परीक्षा २०७० मा समावेश हुनका लागि आफ्नो नाम दर्ता गर्ने प्रयोजनका लागि भएकाले यो फाराम नभर्ने विद्यार्थीहरूले २०७० सालको एसएलसी परीक्षामा सामेल हुन पाउने छैनन् ।

७. अन्य व्यवस्थाको हकमा माध्यमिक शिक्षा उत्तीर्ण (एसएलसी) परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०६८ (दोस्रो संशोधन) अनुसार गर्नु गराउनुहुन समेत अनुरोध छ ।

८. **जिल्ला शिक्षा कार्यालयहरूले** आफ्नो जिल्लाभित्रका रजिष्ट्रेसन फाराम भर्ने - भराउने माध्यमिक विद्यालयहरूबाट सम्मिलित विद्यालयगत विद्यार्थी संख्या र राजश्व विवरण **२०६९ फाल्गुण २५** गतेसम्म परीक्षा नियन्त्रण कार्यालयमा पठाइसक्नुपर्ने छ ।

**सम्बन्धित सबै क्षेत्रीय शिक्षा निर्देशनालयहरूले यसै सूचना बमोजिम आफ्ना क्षेत्र अन्तरगतका जिल्लाहरूलाई रजिष्ट्रेसन फाराम भर्ने भराउने आवश्यक व्यवस्था, अनुगमन, समन्वय र सहयोग मिलाउनुहुन अनुरोध छ ।**

नियन्त्रक

==================================================

अडियो नेटिस बोर्ड नं. १६१८०१६६३११४६
E-mail: info@soce.gov.np, Website: soce.gov.np